# नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## सूचनाको हक सम्बन्धी ऐन, २०६४

## को दफा ५(३)

## बमोजिम ऊर्जा मन्त्रालयद्वारा

## सार्वजनिक गरिएको विवरण

(२०७३ बैशाखदेखि २०७३ असारमसान्तसम्म)

## १ पृष्ठभूमिः

विकासको मेरुदण्डको रुपमा रहेको ऊर्जा क्षेत्रलाई समायोजित तरिकाले द्रुत विकास गरी देशमा रहेको ऊर्जा संकटलाई न्यूनिकरण गर्ने, निराकरण गर्ने र विद्युत ऊर्जालाई देशको मूख्य ऊर्जाको रुपमा अगाडी बढाउने सोचका साथ मूलकको ऊर्जा क्षेत्रसंग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने मुख्य दायित्व ऊर्जा मन्त्रालयमा रहेको छ । विद्युत उत्पादन, प्रशारण तथा वितरणको लागि नेपाल सरकारको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन नीति निर्माण गरी सो को कार्यान्वयनको लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने सम्बन्धी कार्यको लागि ऊर्जा मन्त्रालयको स्थापना भएको हो ।

## २ दृष्टिकोणः

देशको सर्वाङ्गिण विकासको लागि पर्याप्त विद्युत आपूर्ति गरी नेपाली जनताको जीवन स्तरमा सुधार ल्याउने र सबै जनतालाई भरपर्दो रुपमा गुणस्तरीय, दीगो तथा सर्बसुलभ विद्युत सेवा उपलब्ध गराई जलविद्युतलाई निर्यात योग्य बस्तुका रुपमा स्थापित गर्नु ऊर्जा मन्त्रालयको दृष्टिकोण रहेको छ ।

## ३ उद्देश्यः

जलविद्युतलाई समष्टिगत आर्थिक विकासको मूख्य आधारको रुपमा लिदै यस क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्न आवश्यक वातावरणको सिर्जना गरी देशमा ग्रामीण क्षेत्रसम्म अधिकाधिक जनतालाई भरपर्दो गुणस्तरीय र सर्वसुलभ विद्युत सेवा उपलब्ध गराउनु ऊर्जा मन्त्रालयको मुख्य उद्देश्य रहेको छ ।

## ४ ऊर्जा मन्त्रालयको संगठनात्मक स्वरुप:

# नेपाल सरकार

# ऊर्जा मन्त्रालय

# संगठन संरचना



## ५ कार्य क्षेत्र (काम, कर्तव्य र अधिकार):

नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९, ले ऊर्जा मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्य सम्पादनको लागि निर्दिष्ट गरेका कार्यक्षेत्र, कार्य कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

१ ऊर्जाउत्पादन, व्यवस्थापन, उपयोग, सुरक्षा, प्रवर्द्धनरविकाससम्बन्धीनीति, योजनातथाकार्यक्रमकोतर्जुमा, कार्यान्वयन, अनुगमनरमूल्याङ्कन;

२ ऊर्जाकोउपयोगसम्बन्धीअध्ययन, अनुसन्धान, सर्वेक्षणतथाकार्यान्वयन;

३ ऊर्जासम्बन्धीबहुउद्देश्यीययोजनाकोसमन्वय, निर्माण, सञ्चालनतथाप्रवर्द्धन;

४ ऊर्जासम्बन्धीजनशक्तिकोविकास;

५ नवीकरणीयऊर्जाकोविकास;

६ ऊर्जाविकासतथाविद्युत्विकाससम्बन्धीअध्ययन, अनुसन्धान, आयोजनाकोसम्भाव्यताअध्ययन, निर्माण, सञ्चालन, सम्भाररविकास;

७ ऊर्जासम्बन्धीकम्पनीतथासंस्थाकोसमन्वयरप्रशासन;

८ ऊर्जाविकासमानिजीक्षेत्रकोलगानीप्रवर्द्धन(लगानीबोर्डकोकार्यक्षेत्रबाहेक) ;

९ ऊर्जाकोउपयोगसम्बन्धीराष्ट्रिय, क्षेत्रीयतथाअन्तर्राष्ट्रियसम्पर्क;

१० ऊर्जाकोउपयोगसम्बन्धीद्विपक्षीयवाबहुपक्षीयसंयन्त्रकोसंयोजन, वार्ता तथासन्धिसम्झौता;

११ जलस्रोतसम्बन्धीद्विपक्षीयवार्ता, बहुपक्षीयसन्धिसम्झौता;

१२ विद्युत्कोनियमन, रोयल्टीतथामहसुलदरकोनिर्धारणरकार्यान्वयन;

१३ नेपालविद्युत्प्राधिकरणतथाऊर्जाक्षेत्रसँगसम्बन्धितनिकायसँगसमन्वय;

१४ अन्यमन्त्रालयकोकार्यक्षेत्रमानपरेकोजलतथात्यसकोउपयोगरऊर्जासम्बन्धीकार्य;

१५ नेपालइन्जिनियरिङसेवाअन्तर्गतदेहायकासमूह, उपसमूहकोसञ्चालन-

(क) इलेक्ट्रिकलइन्जिनियरिङसमूह;

(ख) मेकानिकलइन्जिनियरिङसमूह;

(ग) सिभिलइन्जिनियरिङसमूहकोहाइड्रोपावरउपसमूह।

## ६ कर्मचारी संख्या र कार्य विवरण :

ऊर्जा मन्त्रालय स्वीकृत दरबन्दी संख्या निम्नानुसार रहेका छन्:

| क्र.सं. | पद | श्रेणी | सेवा/समूह/उप समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | इन्जिनियरिङ्ग सेवा | १ |
| २ | सहसचिव | रा.प.प्रथम | इन्जि/सिभिल/इरे/जियो/हा.पा./ज.इले/ इन्जि जियो | २ |
| ३ | सहसचिव | ,, | न्याय/कानून | १ |
| ४ | सहसचिव | ,, | प्रशासन | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय/कानून | १ |
| ६ | उपसचिव | " | प्रशासन/सा.प्र. | २ |
| ७ | उपसचिव | ,, | प्रशासन/लेखा | १ |

| | | | | |
|---|---|---|---|---|
| ८ | सि.डि.इ. | ” | इन्जि/सिभिल/हा.पा | ३ |
| ९ | सि.डि.इ. | ” | इन्जि/इ./ज.इले. | ३ |
| १० | सि.डि.इ | ” | इन्जि/सिभिल/इरिगेसन | १ |
| ११ | सि.डि.हा. | ” | इन्जि/सिभिल/हाइड्रोलोजी | १ |
| १२ | सि.डि.इ.जियो | ” | इन्जि/जियो/इन्जि.जियो | १ |
| १३ | शा.अ. | रा.प.तृतीय | प्रशासन/सा.प्र. | ५ |
| १४ | शा.अ. | ” | न्याय/कानून | १ |
| १५ | ले. अ. | ” | प्रशासन/लेखा | १ |
| १६ | इन्जिनियर | ” | इन्जि/इ./ज.इले. | ३ |
| १७ | इन्जिनियर | ” | इन्जि/सिभिल/हाइड्रोपावर | ३ |
| १८ | इन्जि. जियोलोजिष्ट | ” | इन्जि/जियो/इन्जि.जियो | १ |
| १९ | हाइड्रोलोजिष्ट | ” | इन्जि/सिभिल/हाइड्रोलोजी | १ |
| २० | कम्प्युटर इन्जिनियर | ” | विविध | १ |
| २१ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | ४ |
| २२ | ना.सु. | ” | प्रशासन/सा.प्र. | १० |
| २३ | टाइपिष्ट | ” | प्रशासन/सा.प्र. | १ |
| २४ | लेखापाल | ” | प्रशासन/लेखा | १ |
| २५ | खरिदार | रा.प.अनं.द्बितीय | प्रशासन/सा.प्र. | ३ |
| २६ | ह.स.चा. | | | ५ |
| २७ | का.स. | | | ७ |
| | जम्मा | | | ६५ |

७ ऊर्जा मन्त्रालयले प्रदान गर्ने सेवा :

क) माथि बुँदा नं. ५ मा उल्लिखित कार्य क्षेत्र/काम कर्तव्य अधिकार अन्तर्गतका नीतिगत कार्यहरु र

ख) मन्त्रालयको दैनिक प्रशासन संचालन सम्बन्धी कार्य ।

८ <u>मन्त्रालयको महाशाखा, शाखा र जिम्मेवार अधिकारी:</u>

| सि.नं. | महाशाखा/शाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | प्रशासन महाशाखा | श्री माधव प्रसाद गड्तौला | ४२११५२३ |
| २ | योजना तथा कार्यक्रम महाशाखा | श्री दिनेश कुमार घिमिरे | ४२११५२२ |
| ३ | नीति तथा बैदेशिक समन्वय महाशाखा | डा. सञ्जय शर्मा | ४२११५३६ |
| ४ | कानुन तथा फैसला कार्यान्वयन महाशाखा | कोशल चन्द्र सुवेदी | |
| ५ | कर्मचारी प्रशासन शाखा | श्री प्रल्हाद प्रसाद सापकोटा | ४२११५०२ |
| ६ | आर्थिक प्रशासन शाखा | श्री मुक्तिनाथ रेग्मी | ४२११९१२ |
| ७ | सूचना तथा जनसम्पर्क शाखा | श्री विश्वराज नेपाल | ४२११८८६ |
| ८ | बजेट तथा कार्यक्रम शाखा | श्री गोकर्ण राज पन्थ | ४२११५०८ |
| ९ | अनुगमन तथा मूल्यांकन शाखा | श्री बुद्धरत्न शाक्य | ४२११२७३ |
| १० | अनुसन्धान तथा विकास शाखा | श्री लेखनाथ बगाले | ४२११५०८ |
| ११ | वातावरण शाखा (क) | श्री कल्प मोहन सोती | ४२११५०१ |
| | वातावरण शाखा (ख) | श्री चतुर बहादुर श्रेष्ठ | ४२११५०१ |
| १२ | आयोजना प्रबर्द्धन शाखा | श्री श्याम किशोर यादव | ४२११५०९ |
| १३ | बैदेशिक समन्वय शाखा | श्री राजु महर्जन | ४२११५०४ |
| १४ | ग्रामीण तथा वैकल्पिक ऊर्जा शाखा | श्री प्रतिभा मानन्धर | ४२११५०४ |
| १५ | कानून शाखा | श्रीविष्णु प्रसाद अवस्थी | ४२११५०१ |

९ <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</u> :

क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर:

- सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिमको र
- अन्य विशेष कानूनले तोके बमोजिमको दस्तुर

ख) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिमको अवधि ।

१० <u>निर्णय गर्ने प्रक्रिया र अधिकारी :</u>

क) निर्णय प्रक्रिया सम्बन्धमा:

१ मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

२ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

ख) निर्णय गर्ने अधिकारी सम्बन्धमा:

१ मन्त्रालयले सम्पादन गर्ने नीतिगत एंव अन्य कार्य सम्बन्धमा:

- मन्त्री परिषदमा प्रस्ताव पठाएर ।
- माननीय ऊर्जा मन्त्री स्तरबाट ।

- ऊर्जा सचिव स्तरबाट।
- माननीय ऊर्जा मन्त्रीबाट प्रत्यायोजना अधिकार बमोजिम ।
- सुशासन (व्यवस्थापन तथा संचालन ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकेका कामहरु ।

सचिवले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको कर्मचारीहरुले ।

२ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा ऊर्जा सचिवले ।

११ <u>निर्णय उपर उजुरी सुन्ने अधिकारीः</u>

क) ऊर्जा मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा प्रचालित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम उपलब्ध गराउने।

ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा सोही ऐनमा तोकिए बमोजिम फछ्र्यौट गरिने ।

## १२. सम्पादन गरेको कामको विवरणः

१. सम्माननीय प्रधानमन्त्रीज्यूको औपचारिक भारत भ्रमणका अवसरमा ढल्केबर मुजफ्फरपुर अन्तर्देशीय— प्रसारण लाइनबाट विधिवत रुपमा ८० मेगावाट क्षमताको विद्युत आयातको शुरुवात भएको ।

२. एक वर्षभित्र आधारभूत रुपमा लोडसेडिङ्गको अन्त्य गर्ने तथा २ वर्षमा पूर्ण रुपमा अन्त्य गर्ने गरी ऊर्जा संकट निवारण कार्ययोजना अनुरुप कार्य भैरहेको । हाल आयातित विद्युतका अतिरिक्त थप ३०० मेगावाट विद्युत आयात गर्न भारत सरकारसङ्ग समझदारी कायम गरिएको र सो अनुरुप आयातित विद्युत प्रसारण गर्न आवश्यक तयारीका कार्य भैरहेको ।

३. राष्ट्रिय प्रशारण ग्रीड कम्पनी स्थापना भएको । राष्ट्रिय विद्युत उत्पादन कम्पनीको स्थापना गर्न म. प. बाट सिद्धान्ततः स्वीकृत भई प्रबन्धपत्र र नियमावलीको मस्यौदामा सहमति प्राप्त भै कम्पनी दर्ताको लागि म. प. प्रस्ताव लैजाने तयारी भइरहेको । विद्युत व्यापार कम्पनीको प्रवन्धपत्र र नियमावली तयार पारिएको र विभिन्न सरोकारवाला समूहहरुसँग छलफल भैरहेको ।

४. ऊर्जा सङ्कट निवारण विधेयकको मस्यौदा तयार भई श्री अर्थ मन्त्रालय र कानून तथा संसदीय व्यवस्था मन्त्रालयमा राय सुझावको लागि पठाइएको । विद्युत नियमन आयोग सम्बन्धी विधेयक तर्जुमा गर्न म. प. को सैद्धान्तिक स्वीकृति पश्चात् विधेयकको मस्यौदा तयार भई अर्थ र कानून मन्त्रालयमा पठाउनु अघि मस्यौदा उपर सम्बन्धित विषयहरुसँग छलफलको तयारी भैरहेको । विद्युत व्यापार कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रारम्भिक मस्यौदा तयार भई छलफलको क्रममा रहेको ।

५. **"राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२"** मा उल्लेख भए अनुसार निर्णय प्रकृयामा सरलीकरण, संस्थागत पुनर्संरचना, तथा प्रशासनिक निर्णय एवम् प्रक्रियागत सुधारका कदमहरु प्राथमिकताकासाथ अगाडि बढाइएको ।

६. माथिल्लो सोलुखोला जलविद्युत आयोजना तथा माथिल्लो खोरुङ्गा खोला साना जलविद्धुत आयोजनाका प्रवर्द्धकहरुसँग विद्युत ऐन, २०४९ को दफा ३५ मा भएको व्यवस्था अनुसार ऊर्जा मन्त्रालयले करारका शर्तहरु निर्धारण गर्ने गरी करार गर्न स्वीकृति प्रदान गर्ने निर्णय बमोजिम यस मन्त्रालयको तर्फबाट विद्युत विकास विभागले मिति २०७३।३।१६ मा आयोजनाका प्रवर्द्धकहरु सँग करार सम्झौता गरेको ।

७. हाल सम्म नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण, निजी क्षेत्र, विकास समितिहरु, तथा द्विपक्षीय सन्धी वा सम्झौता मार्फत अगाडि बढाइएका आयोजनाहरु देहाय बमोजिम रहेका छन् (२०७३।०४।११ सम्मको तथ्याङ्क):

<u>नेपाल सरकारः</u>

***निर्माण तयारी*** :१ वटा मे वा २०—

***सर्वेक्षण भैरहेको :*** ३७ वटा३—,१०४ मे वा *(रन अफ द रिभर)*; ७ वटा१—,७८१ मे वा *(जलाशय)*

<u>नेपाल विद्युत् प्राधिकरण</u>

*सञ्चालन :* १५ वटा  मे वा ४६६–

*निर्माण :*  ६ वटा  मे वा २१५–

*उत्पादन अनुमतिपत्र दर्खास्त :* १ वटा  मे वा ८७–

*बहाल सर्वेक्षण अनुमतिपत्र :* ५वटा मे वा ९९८–

<u>निजी क्षेत्र (आन्तरिक खपत)</u>

*सञ्चालन :* ३८ वटा– ३१६ मे वा

*निर्माण (उत्पादन अप जारी) :* १०० वटा२–,४९२ मे वा

*उत्पादन अनुमतिपत्र दर्खास्त :* ७० वटा५–,३७६ मे वा

*बहाल सर्वेक्षण अनुमतिपत्र :* ८१ वटा२–,५७० मे वा

<u>निजी क्षेत्र (निर्यात)</u>

*आयोजना विकास सम्झौता :* २ वटा१–,८०० मे वा

<u>विकास समिति</u>

*निर्माण  तयारी :* १ वटा१–,२०० मे वा

*सर्वेक्षण:* १ वटा मे वा ४००–

<u>द्विपक्षीय सन्धी वा सम्झौता</u>

*निर्माण तयारी :* १ वटा६–,४८० मे वा

*सर्वेक्षण :* १ वटा३–,३००मे वा

८. आ .व. २०७२।७३ मा ६ वटा जलविद्युत आयोजनाहरुको निर्माण सम्पन्न भई करिब ३१ मेगावाट विद्युत उत्पादन भएको ।

९. आ .व. २०७२।७३ मा ग्रामीण तथा अन्य सामुदायिक विद्युतीकरणमा  २८३ हजार घरधुरी हरुमा विद्युत सेवा उपलब्ध गराइएको ।

१०. हाल सम्म २,८९२ गा वि स हरुमा विद्युतीकरणको सेवा बिस्तार, २,८४८ कि. मि. प्रसारण लाइन निर्माण, राष्ट्रिय विद्युत् प्रणाली तथा अन्य ऊर्जामा समेत गरी जनसङ्ख्याको पहुँच ७४ प्रतिशत रहेको ।

११. वैदेशिक रोजगारबाट भित्रिने विप्रेषणको समेत परिचालन ऊर्जा क्षेत्रको विकासमा गर्ने उद्देश्यले दुई वटा (सिम्बुवा र घुन्सा) जलविद्युत् आयोजनाहरुको सर्वेक्षण अनुमतिपत्र रेमिट हाइड्रो लिमिटेडलाइ जारी भई ती आयोजनाहरुको क्रमश: अध्ययन तथा निर्माण पूर्व तयारीको कार्य अगाडि बढाइने भएको ।

१२. ग्रामीण क्षेत्रमा प्रसारण लाइन तथा सबस्टेशन निर्माण गरी विद्युतीकरण सेवा प्रदान गर्ने उद्देश्यले नियमित रुपमा वार्षिक बजेट विनियोजन भई **"सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण आयोजना"** अन्तर्गत कार्यक्रम सञ्चालन भैरहेको ।

१३. अधिकतम जनतालाई जलविद्युत् आयोजनाको शेयर सुनिश्चित हुने गरी जनताको लगानीबाट बन्ने जलविद्युत् आयोजनाहरुलाई **जनताको विद्युत् जनताकै लगानी** अवधारणामा कम्पनी स्थापना गरी सोही कम्पनी मार्फत अगाडि बढाउने क्रममा प्रबन्धपत्र र नियमावली तयार भएको ।

१४. ५०० वाट वा सोभन्दा बढी जडित क्षमताका फोटोभोल्टेक सौर्य प्रणालीबाट उत्पादन भई बढी हुन जाने विद्युत् प्रयोगमा ल्याउने सम्बन्धमा राष्ट्रिय ग्रीडको पहुँच पुगेका स्थानहरुमा सम्भव भएसम्म Net Metering को व्यवस्था क्रमिक रुपमा गर्ने गरी कार्य अगाडि बढाइएको । २०० वाट वा सो भन्दा बढी क्षामताका सौर्य प्रणाली जडान गर्ने घरायसी तथा व्यावसयिक उपभोक्ताहरुलाई अनुदान स्वरुप रु. २०,०००/- र व्यवस्था भए बमोजिम सरल कर्जा उपलब्ध गराइने भएको।

१५. चिनी उद्योगको बगासबाट सहउत्पादनका रुपमा उपलब्ध हुने विद्युत उर्जा मन्त्रालयले करार गरी नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्बन्धमा विद्युत खरीद सम्झौताको मस्यौदाको लागि नेपाल विद्युत प्राधिकरणबाट र करार सम्झौताको मस्यौदा तयार गर्न विद्युत विकास विभागबाट कार्य भइरहेको तथा आवश्यक सूचना जारी भइसकेको। नेपाल विद्युत प्राधिकरण र एभरेष्ट सुगर मिलसङ्ग connection agreement सम्पन्न भएको।

१६. बुढी गण्डकी जलाशययुक्त आयोजनाको निर्माण अगाडि बढाउने कार्यहरु तथा नलसिङ्गगाड जलविद्युत आयोजनाको सर्वेक्षणको कार्य सम्बन्धित विकास समितिहरुबाट अगाडि बढाइएको। बुढी गण्डकी जलाशययुक्त आयोजनाको जग्गा अधिग्रहण तथा पुनर्वासको कार्य एक छुट्टै संयन्त्र मार्फत अगाडि बढाउने गरी संयन्त्र स्थापनाको तयारी भइरहेको ।

१७. विद्युत विकास विभाग र नेपाल विद्युत प्राधिकरणबाट आँधि खोला, उत्तरगङ्गा, दुधकोशी सुनकोशी-३, नौमुरे आदि जलाशययुक्त आयोजनाहरुको अध्ययन कार्य अगाडि बढाइएको ।

१८. Pancheshwor Development Authority, PDA को Governing Board को तेश्रो बैठक काठमाण्डौमा बसी कर्मचारी दरबन्दी र कार्यालय स्थापना सम्बन्धमा निर्णय गरेको ।साथै Governing Board को चौथो बैठक पोखरामा बसी आर्थिक विनियमावली (Financial Bi-Laws) पास गरेको ।

१९. नेपाल र भारतका पदाधिकारीहरु सम्मिलित तथा हाल नेपाली पक्षबाट कार्यकारी अधिकृत रहेको Pancheshwor Development Authority, PDA बाट संयुक्त रुपमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको कार्य भैरहेको । हाल PDA ले महेन्द्रनगरमा कार्यालय स्थापना गरी सकेको र त्यहींबाटै कार्य सञ्चालन शुरु भएको ।

२०. Energy Efficiency Action Plan अन्तर्गत राष्ट्रिय उर्जा दक्षता कार्यान्वयन योजना प्रारम्भिक रुपमा MoEN र GIZ को संयुक्त प्रयासमा तयार भएको। Energy Efficiency संस्थागत गर्नकालागि MoEN र GIZ संयुक्त प्रयासमा Concept Note तयार भएको ।उर्जा दक्षता सम्बन्धी संस्था स्थापनार्थ आवश्यक पर्ने Documentation गरिसकिएको र सो सन्दर्भमा अध्ययन प्रतिवेदन समेत तयार भएको। Energy Efficiency कार्यक्रम अन्तर्गत Energy Efficient उपकरणहरु नमूनाको रुपमा (Piloting) मन्त्रालयमा जडान गरिएको साथै मन्त्रालय भवनको दैनिक ऊर्जा बचतको जानकारी गराउने उद्देश्यले electronic display को समेत व्यवस्था गरिएको ।

२१. विद्युत महशुल निर्धारण आयोगको मिति २०७३।०२।१६ को १०८ औं बैठक बाट मिति २०७३ श्रावणदेखि लागू हुने गरी नेपाल विद्युत् प्राधिकरण मार्फत विद्युत सेवा लिएका ग्राहकको विद्युत महशुल दर र बुटवल पावर कम्पनी मार्फत आँधि खोला वितरण प्रणाली अन्तर्गतका ग्राहकहरुकोलागि महशुल दरमा परिवर्तन गरिएको ।

२२. उपत्यका भित्रका कुनैपनि महशुल संकलन केन्द्रबाट पनि विद्युत महशुल बुझाउन सकिने व्यवस्था लागू भैसकेको।

२३. सार्वजनिक निर्माणको कार्यसँग सरोकारवाला निकायहरुलाई पहिचान एवं अध्ययन भएका जलाशययुक्त आयोजनाहरुको GIS Map तयार गरी सम्बन्धित केन्द्रीय निकायहरुलाई जानकारी गराइएको।

२४. सुशासन कायम गर्ने सम्बन्धमा मन्त्रालय र मातहतका निकायहरुबाट माँग भएका निवेदन अनुसार समयमै सूचना उपलब्ध गराउने गरिएको । साथै जनगुनासो फछ्र्यौट गर्न मातहतका निकायहरुलाई निर्देशन दिने गरिएको ।

२५. मन्त्रालय मातहतका निकायहरुका प्रमुखसङ्ग कार्यसम्पादन सम्झौता गर्ने गरिएको ।

२६. मन्त्रालयको कार्यसम्पादन सुचकाङ्क तयार गरी सोही अनुसार प्रगति मूल्याङ्कन हुने व्यवस्था भएको ।

२७. आ. व. २०७१।०७२ मा कायम रहेको बेरुजु फछ्र्यौट तर्फ ५२.७ प्रतिशत प्रगति हासिल भएको ।जस अनुसार कूल बेरुजु रु. १७ करोड ९२ लाख ४२ हजार रहेकोमा रु. ९ करोड ४४ लाख ५६ हजार संपरीक्षण भई फछ्र्यौट भएको ।

२८. आयोजनाहरुको प्रत्येक चौमासिक एवं वार्षिक प्रगति प्रतिवेदन तयारी; राष्ट्रिय योजना आयोगसङ्ग निकटतम सम्पर्क राखी आयोजनाहरुको प्रगति समिक्षा, विकास आयोजनाहरुको अनुगमन एवं निरीक्षण गर्ने, निरीक्षण टोली खटाउने; मन्त्रालय र अन्तर्गतका निकायहरुको चौमासिक प्रगति समिक्षाको लागि मन्त्रालय स्तरीय समस्या समाधान समितिको बैठक बसाल्ने र आयोजनाका समस्या समाधान सम्बन्धमा भएका निर्णय निर्देशनहरु सम्बन्धित निकायमा लेखी पठाउने; राष्ट्रिय समस्या समाधान समितिको बैठकको लागि विवरणहरु तयार गरी पठाउने; आयोजना सम्पन्न भएपछि त्यसमा निहित उद्देश्य, लक्ष्य प्राप्ति भयो भएन भन्ने सम्बन्धमा वर्षिक कार्यक्रम अनुसार त्यसको उपलब्धी मूल्याङ्कन गर्ने गराउने; मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यहरुको नियमित रुपमा प्रगति विवरणहरु तयार गरी सम्बन्धित निकायहरुमा पठाउने; अनुगमन

तथा मूल्याङ्कन शाखाका काम कारवाही र कर्मचारीहरुलाई उपयोगी हुने विभिन्न गोष्ठी, सेमिनार, तालिम आदि कायक्रमहरु वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्ने गराउने, एवं भाग लिने आदि कार्यहरु भएको ।

## १३ सूचना अधिकारी र प्रमुखको नामः

प्रमुखः- सचिव सुमन प्रसाद शर्मा

सूचना अधिकारीः- उपसचिव विश्वराज नेपाल

## १४ ऐन, नियम, विनियम, निर्देशिकाको सूचिः

ऊर्जा मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरुको निम्नानुसार कानून प्रयोग गरी आफ्नो कार्य सम्पादन गर्ने गरेका छन्:

- विद्युत ऐन, २०४९
- जलस्रोत ऐन, २०५०
- विद्युत नियमावली, २०५०
- विद्युत चुहावट नियन्त्रण नीति, २०५८
- जल विद्युत विकास नीति, २०५८
- जल विद्युत आयोजना अनुमति पत्र सम्बन्धी निर्देशिका, २०६८
- बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९
- नलसिहं गाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९
- जलस्रोत रणनीति, २०५८
- जलस्रोत योजना, २०६१
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- नेपाल सरकारका निर्णयहरु
- लोडसेडिङ्ग न्यूनिकरण कार्ययोजना, २०६९

## १५ आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

नेपाल सरकार

**ऊर्जा मन्त्रालय**

**आ.व. २०७२/२०७३ को बार्षिक आर्थिक विवरण**

वार्षिक आर्थिक विवरण
म.ले.प.फा.नं. १७

वजेट अनुदान वा उप-शीर्षक नम्बर : ब.सि.नं. ३०८०११३ (चालु खर्च तर्फ)

वजेट शीर्षक वा उप-शीर्षकको नाम : ऊर्जा मन्त्रालय

| व.उ. सि.नं. | बजेट रकम नम्बर | बजेट खर्च शीर्षक | शुरु विनियोजित बजेट | पुरक बजेटबाट | | रकमान्तरबाट | | अन्तिम बजेट | निकासा | खर्च | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | थप (+) | घट (–) | थप (+) | घट (–) | | | | निकासा | बजेट | |
| ३०८०११३ | २१११ | तलब | २०७१२०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०७१२०००.०० | १७५३६९४८.६५ | १७५३६९४८.६५ | | ३१७५०५१.३५ | |
| | २१११३ | महंगी भत्ता | ७९२०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७९२०००.०० | ५९६०००.०० | ५९६०००.०० | | १९६०००.०० | |
| | २१११९ | अन्य भत्ता | ५५००००.०० | ०.०० | ०.०० | ४००००.०० | ०.०० | ५९००००.०० | ५८९८००.०० | ५८९८००.०० | | २००.०० | |
| | २११२१ | पोशाक | ४९५०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४९५०००.०० | ३९००००.०० | ३९००००.०० | | १०५०००.०० | |
| | २२१११ | पानी तथा विजुली | १४९८०००.०० | १३७५०००.०० | ०.०० | ०.०० | ०.०० | २८७३०००.०० | २८७२८६२.७९ | २८७२८६२.७९ | | १३७.२१ | |
| | २२११२ | संचार महशुल | ५८१०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५८१०००.०० | ५७९६१८.२८ | ५७९६१८.२८ | | १३८१.७२ | |
| | २२२११ | इन्धन | १९८९०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १९८९०००.०० | १९८८९९९.९५ | १९८८९९९.९५ | | ०.०५ | |
| | २२२१२ | संचालन तथा मर्मत | १५०००००.०० | ०.०० | ०.०० | ७०००००.०० | ०.०० | २२०००००.०० | २१९९९१४.१५ | २१९९९१४.१५ | | ८५.८५ | |
| | २२२१३ | बीमा | १३३०००.०० | ०.०० | ०.०० | २२५००.०० | ०.०० | १५५५००.०० | १५०५४६.६० | १५०५४६.६० | | ४९५३.४० | |
| | २२३११ | कार्यालय सम्बन्धी खर्च | १९०००००.०० | ०.०० | ०.०० | ४५००००.०० | ०.०० | २३५००००.०० | २३४९७९८.९२ | २३४९७९८.९२ | | २०१.०८ | |
| | २२४११ | सेवा र परामर्श खर्च | ७०२०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७०२०००.०० | ५६८६००.०१ | ५६८६००.०१ | | १३३३९९.९९ | |
| | २२४१२ | अन्य सेवा शुल्क | २५८६०००.०० | ०.०० | ०.०० | ०.०० | ३१२५००.०० | २२७३५००.०० | २१४५७६९.२६ | २१४५७६९.२६ | | १२७७३०.७४ | |
| | २२५२२ | कार्यक्रम खर्च | ५७८००००.०० | ९७१३३२.०० | ०.०० | ०.०० | ९०००००.०० | ५८५१३३२.०० | ४२३३०९४.५८ | ४२३३०९४.५८ | | १६१८२३७.४२ | |
| | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | १०९५०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०९५०००.०० | १०९५०००.०० | १०९५०००.०० | | ०.०० | |
| | २२६१२ | भ्रमण खर्च | २५००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २५००००.०० | २५००००.०० | २५००००.०० | | ०.०० | |
| | २२७११ | विविध खर्च | १०१३०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०१३०००.०० | १०१३०००.०० | १०१३०००.०० | | ०.०० | |
| | | **जम्मा** | **४१५७६०००.००** | **२३४६३३२.००** | **०.००** | **१२१२५००.००** | **१२१२५००.००** | **४३९२२३३२.००** | **३८५५९९५३.१९** | **३८५५९९५३.१९** | **०** | **५३६२३७८.८१** | |
| | | **पुरक बजेटबाट थप** | **२३४६३३२.००** | | | | | | | | | | |
| | | **कूल जम्मा** | **४३९२२३३२.००** | | | | | | | | | | |
| | | **अर्थ बजेट तर्फ** | | | | | | | | | | | |
| ६०१०१८३ | २११२३ | औषधि उपचार खर्च | १२४६३५.०० | | | | | १२४६३५.०० | १२४६३५.०० | १२४६३५.०० | | ० | |
| ६०१०१८३ | २७३१४ | सेवा निवृत्तको औषधि उपचार खर्च | ४०४९४४.८० | | | | | ४०४९४४.८० | ४०४९४४.८० | ४०४९४४.८० | | | |
| | | **जम्मा** | **५२९५७९.८०** | | | | | **५२९५७९.८०** | **५२९५७९.८०** | **५२९५७९.८०** | | | |
| ६०१०१४३ | २७३१३ | संचित विदा | ४००१६०.०० | | | | | ४००१६०.०० | ४००१६०.०० | ४००१६०.०० | | ० | |
| | | **जम्मा** | **४००१६०.००** | | | | | **४००१६०.००** | **४००१६०.००** | **४००१६०.००** | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **अर्थ बजेटको जम्मा** | ९२९७३९.८० | | | | | १४५९३१९.६० | १४५९३१९.६ | १४५९३१९.६ | | ० | |
| | | **कूल जम्मा** | ४४८५२०७१.८० | २३४६३३२.०० | ०.०० | १२१२५००.०० | १२१२५००.०० | ४५३८१६५१.६० | ४००१९२७२.७९ | ४००१९२७२.७९ | ० | ५३६२३७८.८१ | |

## मौज्दातको अवस्था :

–श्रेस्ता अनुसार बाँकी :

–बैंक अनुसार बाँकी :

–बैंकको नाम : एभरेष्ट बैक, सिंहदरवार ।

–भुक्तानी हुन बाँकी चेक रकम :

**तयार गर्ने :**

हस्ताक्षर :

नाम:

दर्जा :

मिति :

**सिफारिस गर्ने :**

हस्ताक्षर :

नाम:

दर्जा :

मिति :

बैंक खाता नं. ......................................................

फछ्यौंट हुन बाँकी पेश्की रु..................................

गत आ.व. सम्मको पेश्की रु.................................

यस आर्थिक बर्षको रु. ........................................

जम्मा रु. ..........................................................

म्याद नाघेको पेश्की रु. ......................................

**स्वीकृत गर्ने :**

हस्ताक्षर :

नाम:

दर्जा :

मिति :

नेपाल सरकार

**ऊर्जा मन्त्रालय**

**आ.व. २०७२/२०७३ को बार्षिक आर्थिक विवरण**

बजेट अनुदान वा उप-शीर्षक नम्बर : व.सि.नं. ३०८०११४ (पूँजीगत खर्च तर्फ)

बजेट शीर्षक वा उप-शीर्षकको नाम : ऊर्जा मन्त्रालय

वार्षिक आर्थिक विवरण
म.ले.प.फा.नं. १७

| व.उ. सि.नं. | बजेट रकम नम्बर | बजेट खर्च शीर्षक | शुरु विनियोजित बजेट | पुरक बजेटबाट | | रकमान्तरबाट | | अन्तिम बजेट | निकासा | खर्च | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | थप (+) | घट (–) | थप (+) | घट (–) | | | | निकासा | बजेट | |
| ३०८०११४ | २९३११ | फर्निचर तथा फिक्चर्स | ७५००००.०० | ० | ० | १८००००.०० | ० | ९३००००.०० | ९२९९७७.४७ | ९२९९७७.४७ | | २२.५३ | |
| | २९४११ | सवारी साधन | २६००००.०० | ० | | | | २६००००.०० | २५९९०० | २५९९०० | | १०० | |
| | २९५११ | मेसिनरी औजार | १७४००००.०० | ० | ० | ० | ० | १७४००००.०० | १७३९९१४.५० | १७३९९१४.५० | | ८५.५० | |
| | २९६११ | सार्वजनिक निर्माण | २३८०००००.०० | ३७२०००.०० | ० | ० | १८००००.०० | २३९९२०००.०० | ८६७७२७.९८ | ८६७७२७.९८ | | २३१२४२७२.०२ | |
| | २९७११ | पुंजीगत अनुसन्धान तथा परामर्श | ६०००००.०० | | | ० | | ६०००००.०० | ५९६७९७.५७ | ५९६७९७.५७ | | ३२०२.४३ | |
| | | **जम्मा** | २७१५००००.०० | ३७२०००.०० | ० | १८००००.०० | १८००००.०० | २७५२२०००.०० | ४३९४३१८ | ४३९४३१८ | | २३१२७६८२.४८ | |

**मौज्दातको अवस्था :**

–श्रेस्ता अनुसार बाँकी : २३,१२७,६८२.४८

–बैंक अनुसार बाँकी : २३,१२७,६८२.४८

–बैंकको नाम : एभरेष्ट बैंक, सिंहदरवार ।

–भुक्तानी हुन बाँकी चेक रकम :

बैंक खाता नं. ....................................................

फछ्यौंट हुन बाँकी पेश्की रु..................................

गत आ.व. सम्मको पेश्की रु.................................

यस आर्थिक बर्षको रु. .........................................

जम्मा रु. ..........................................................

म्याद नाघेको पेश्की रु. ......................................

म्याद ननाघेको पेश्की रु. ....................................

**तयार गर्ने :**

हस्ताक्षर :

नाम:

दर्जा :

मिति :

**सिफारिस गर्ने :**

हस्ताक्षर :

नाम:

दर्जा :

मिति :

**स्वीकृत गर्ने :**

हस्ताक्षर :

नाम:

दर्जा :

मिति :

१६ तोकिए बमोजिमका अन्य विवरण (सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ अनुसार तोकिए बमोजिम)

- ऊर्जा मन्त्रालयले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।
- मन्त्रालयको वेभ साइट www.moen.gov.npमा ऊर्जा मन्त्रालयको सूचनामूलक जानकारीहरु उपलब्ध छन् ।
- मन्त्रालयको महत्वपूर्ण निर्णय वा जानकारीहरु प्रेस विज्ञप्ति वा प्रबक्तामार्फत जानकारी दिने गरिएको छ ।
- नीतिगत निर्णय, सूचना तथा आदेशहरु नेपाल राजपत्रमा प्रकाशित गरी सार्वजनिक हुने गरेको छ ।

१७ सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण

www.moen.gov.np

१८ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सुचना दिएको विवरण

सुचना माग निवेदन संख्या - २

सुचना दिएको संख्या - १

१९ सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः

वार्षिक प्रगति पुस्तिका प्रकाशन भएको ।